# सुन्दरहरैंचा नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनमा नगर उपप्रमुख श्री अकली चौधरीज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम

सुन्दरहरैंचा नगरपालिका
विराटचोक, मोरङ
२०८२।०३।१०

*सुन्दरहरैंचाको पहिचान : समृद्धि र सुशासन*

**सुन्दरहरैंचा नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनमा पेश हुने**

# आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम

**सम्मानित सभाका सभाध्यक्षज्यू, सभाका सचिवज्यू, सभाका सदस्यज्यूहरू,**
**उपस्थित सम्पूर्ण कर्मचारी तथा सञ्चारकर्मी मित्रहरू।**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार नेपालमा तीन तहको सरकार रहने संवैधानिक व्यवस्था अनुसार नागरिकको सबैभन्दा नजिकको सरकारका रुपमा रहेका ७५३ वटा स्थानीय सरकारहरू मध्येको एक सुन्दरहरैंचा नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेकी छु ।हामीलाई यो जिम्मेवारीमा पुर्याउन विभिन्न कालखण्डमा ऐतिहासिक, प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त ज्ञात अज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । हामीलाई विश्वास गरी निर्वाचित गरेर नागरिकको सेवा गर्ने अवसर प्रदान गर्नुभएकामा आदरणीय नगरबासी नागरिकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

***सुन्दरहरैंचाको पहिचान : समृद्धि र सुशासन*** भन्ने मूल नारालाई आत्मसाथ गर्दै नगरबासीलाई परिवर्तन र विकासको पूर्ण प्रत्याभूति दिलाउन प्रविधिमा आधारित प्रभावकारी सार्वजनिक सेवा प्रवाहको माध्यमबाट स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी र पूर्वाधार विकासको दिगोपनालाई प्रत्यक्ष लाभ पुर्याउने उद्देश्यका साथ नगरपालिका अघि बढिरहेको व्यहोरा जानकारी गराउँदछु ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा **'समृद्ध नेपाल सुखी नेपाली'** भन्ने दीर्घकालीन सोच २१००, नेपाल सरकारको सोह्रौं आवधिक योजना तथा कोशी प्रदेशको दोस्रो आवधिक योजनाले तोकेका लक्ष्य र प्राथमिकताहरू, दिगो विकासका लक्ष्यहरू, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, विभिन्न रणनीतिक योजनाहरू, नेपालको संविधानमा व्यवस्था भएका राज्यका नीतिहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय

तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नेपाल सरकार र कोशी प्रदेश सरकारबाट जारी भएका मार्गदर्शनहरूलाई आधार मानिएको छ । यसका अतिरिक्त निर्वाचनको समयमा नगरबासी समक्ष गरिएका सामूहिक प्रतिबद्धताहरू तथा घोषणापत्रहरू, राजस्व परामर्श समिति लगायत विभिन्न विषयगत समितिहरूबाट प्राप्त सुझावहरू, कार्यपालिका तथा नगरसभाका सदस्यज्यूहरु, नगरक्षेत्रमा क्रियाशील राजनीतिक दलहरू र संघसंस्थाका प्रतिनिधिहरूले विभिन्न माध्यमबाट दिनुभएका सुझावहरू समेतलाई आधार मानिएको छ । मिति २०८२ असार ८ गतेको नगर सभाको सोह्रौं अधिवेशनको पहिलो बैठकमा पेश भई पारित भएको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई बजेट निर्माणको मार्गदर्शनका रूपमा लिइएको छ ।

बजेट तर्जुमा गर्ने क्रममा उपलब्ध सीमित स्रोत साधनको अधिकतम परिचालन हुने गरी नगरबासीसमक्ष गरिएका प्रतिबद्धताहरू पूरा गर्न सन्तुलित बजेट तथा कार्यक्रमको प्रस्ताव गरेको छु ।

अब म यहाँहरू समक्ष आ.व. २०८१/०८२ का लागि स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनको वित्तीय प्रगति पेश गर्दछु ।

मिति २०८२ असार ९ गते सम्मको वित्तीय प्रगति मध्ये चालु खर्चतर्फ जम्मा **रु. ७५ करोड ६४ लाख ६ हजार ८०४** विनियोजन भएकोमा **रु. ४७ करोड ५८ लाख ३९ हजार ३२३** खर्च भई खर्च प्रतिशत ६२.९० प्रतिशत भएको तथा पुँजीगत खर्चतर्फ **रु. १ अर्व ६ करोड ३९ लाख ४४४ रुपैया** विनियोजन भएकोमा **रु. ३३ करोड ९३ लाख ७८ हजार ७९४** खर्च भई खर्च ३१.८९ प्रतिशत रहेको छ । वित्तीय व्यवस्थापन तर्फ **रु. ६५ लाख** विनियोजन भएकोमा **रु. ६५ लाख** खर्च भई १०० प्रतिशत प्रगति हासिल भएको छ ।

**सभाध्यक्षज्यू,**

**सभा सदस्यज्यूहरू,**

आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत बजेटको कार्यान्वयन गरी हासिल भएका मुख्य मुख्य उपलब्धिहरूलाई यहाँहरू समक्ष प्रस्तुत गर्दछु ।

- वडा नं. ६, ७ र ८ मा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत महेश्वर सुब्बा मार्ग र चन्द्रनगर-विश्वविद्यालय-गोठगाँउ सडकमा ड्रेन सहितको अस्फाल्ट कालोपत्रे निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ ।
- वडा नं. ७ गछियामा २०० मेट्रिक टन क्षमताको शित भण्डार गृह निर्माण सम्पन्न भएको छ ।
- वडा नं. १ मा रहेको नगर अस्पतालको प्रशासनिक भवनको निर्माणाधीन अवस्थामा रहेको छ ।
- भारत सरकारको सहयोगमा वडा नं. ७ मा रहेको पञ्चायत माध्यमिक विद्यालयको सुबिधा सम्पन्न भवन निर्माणाधीन अवस्थामा रहेको छ ।
- वडा नं. ९ स्थित बुधबारे कृषि बजारलाई व्यवस्थित गर्न आधुनिक कृषि बजार पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।
- वडा नं. २, ३, ५, ९ र ११ को कार्यालय भवन निर्माण सम्पन्न भई उक्त वडाहरूको नयाँ कार्यालय भवनबाट सेवा प्रवाह हुन थालेको छ ।
- नगर आवास निर्माण कार्यक्रम अन्तर्गत विपन्न तथा सीमान्तकृत समुदायका नागरिकहरूको बासस्थानका लागि १०५ वटा घर निर्माण सम्पन्न गरिएको छ ।
- नगरपालिका क्षेत्रभित्र भएर बग्ने गछिया, लोहान्द्रा, बुढी खोलाहरूमा तटबन्धन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

**सभाध्यक्षज्यू,**

**सभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित व्यय पेश गर्दछु ।

१. पूर्वाधार विकास तर्फ रु. ६१ करोड ३७ लाख बजेट विनियोजन गरेको छु ।
२. आर्थिक विकास तर्फ रु. २ करोड ८६ लाख रकम विनियोजन गरेको छु ।
३. सामाजिक विकास तर्फ रु. ४६ करोड १२ लाख २ हजार रकम विनियोजन गरेको छु ।
४. वन तथा वातावरण विपद व्यवस्थापन तर्फ रु. १ करोड ७५ लाख रकम विनियोजन गरेको छु ।
५. सुशासन तथा संस्थागत विकास तर्फ रू. २ करोड ६३ लाख बजेट विनियोजन गरेको छु ।
६. आ.व.२०८२/८३ मा सम्पन्न गर्ने गरी बहुवर्षिय/क्रमागत आयोजनाहरु कार्यान्वयनका लागि रु. ६ करोड ३ लाख ५७ हजार १८० रुपैया विनियोजन गरेको छु ।
७. वडागत बजेट सिलिङ तर्फ चालु खर्चका लागि रु. ३ करोड ७६ लाख ८८ हजार तथा पुँजिगत तर्फ रु. १४ करोड ५९ लाख १२ हाजर गरी जम्मा रु १८ करोड ३६ लाख रकम विनीयोजन गरेको छु ।
८. कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. २५ करोड ५० लाख रकम विनियोजन गरेको छु ।
९. नगर र वडाको साझेदारीमा वडा गौरवको आयोजनाको लागि साझेदारी रकम रू. ६ करोड विनियोजन गरेको छु ।
१०. वितिय व्यवस्थापन अन्तर्गत ऋण तथा सावा ब्याज भुक्तानीका लागि रु. ६५ लाख रकम विनियोजन गरेको छु ।

यसरी समग्र रुपमा चालु खर्च तर्फ रु. ८२ करोड ६२ लाख ९० हजार विनियोजन गरेको छु । त्यस्तै पुँजीगत खर्च तर्फ रु. ८७ करोड ९९ लाख ६९ हजार १८० रकम विनियोजन गरेको छु भने वितिय व्यवस्थापन शिर्षकमा रु. ६५ लाख गरी आर्थिक वर्ष २०८२/०८३ का लागि जम्मा रु. १ अर्ब ७१ करोड २७ लाख ५९ हजार १८० रुपैया नबढाई निर्दिष्ट गरिए बमोजिम खर्च हुने गरी बजेट विनियोजन गरेको छु ।

उल्लिखित खर्च व्यवस्थापनका लागि आ.व. २०८२/०८३ मा नगरपालिकाको सञ्चित कोषमा दाखिला हुने अनुमान गरिएको आय देहाय बमोजिम हुने व्यहोरा जानकारी गराउँछु ।

१. नगरपालिकाको आन्तरिक आम्दानी तर्फ रु. १६ करोड संकलन हुने प्रक्षेपण गरिएको छ ।
२. गछिया, लोहान्द्रा र बुढी खोलाको नदीजन्य पदार्थको बिक्रिबाट (स्थानीय राजश्व बाँडफाँड) प्राप्त हुने आय रू ५ करोड संकलन गर्ने लक्ष्य लिइएको छ ।
३. बन क्षेत्रको ढुंगा गिटि बिक्रिबाट प्राप्त हुने आम्दानी रू. ७ करोड ८० लाख ३० हजार ८५ रूपैंया संकलन गर्ने लक्ष्य लिइएको छ ।
४. प्रदेश सरकारबाट राजश्व बाँडफाँड (सवारी साधन कर र विज्ञापन कर) बापत रू. १ करोड ७३ लाख ३१ हजार ७९९ प्राप्त हुने अनुमान गरिएको छ ।
५. संघीय सरकारबाट राजश्व बाँडफाँड (मुल्य अभिवृद्धि कर, अन्त शुल्क र बन रोयल्टी) बापत रु. १६ करोड १४ लाख ११ हजार २९६ प्राप्त हुने अनुमान गरिएको छ ।
६. मालपोत रजिष्ट्रेशन दस्तुर (स्थानीय राजश्व बाँडफाँड) वापत रू. ११ करोड प्राप्त हुने अनुमान रहेको छ।
७. संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. २० करोड ४५ लाख हुने अनुमान गरिएको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १ करोड ९३ लाख १४ हजार हुनेछ ।

८. संघीय सरकार र यस नगरपालिका बिच साझेदारीमा सञ्चालन गर्ने गरि समपूरक अनुदान पुँजीगत तर्फ रु. ६८ लाख रकम प्राप्त हुने छ । त्यस्तै कोशी प्रदेश सरकारबाट समपुरक अनुदान शिर्षकमा रु. ७० लाख प्राप्त हुनेछ।
९. संघीय सरकार सशर्त अनुदान मार्फत कार्यक्रम सहित चालु खर्च तर्फ रू. ३६ करोड १८ लाख प्राप्त हुनेछ ।
१०. संघीय सरकार सशर्त अनुदान मार्फत आयोजना सहित पूँजिगत खर्च तर्फ रू. ३४ करोड ९ लाख रकम प्राप्त हुनेछ ।
११. संघीय सरकार बिषेश अनुदान मार्फत रू. ५ करोड ६३ लाख बजेट प्राप्त हुनेछ ।
१२. कोशी प्रदेश सरकार सशर्त अनुदान तर्फ रू. ९३ लाख ७२ हजार मध्ये पुँजिगत तर्फ रू. ५२ लाख र चालु तर्फ रू. ४१ लाख ७२ हजार प्राप्त हुनेछ ।
१३. अल्याबाट रू. १३ करोड रहने अनुमान गरिएको छ ।

**सभाध्यक्षज्यू,**

**सभा सदस्यज्यूहरू,**

यसपछि अब म यस सम्मानित सभा समक्ष सुन्दरहरैंचा नगरपालिकाको आर्थिक विधेयक, २०८२ र सुन्दरहरैंचा नगरपालिकाको विनियोजन विधेयक, २०८२ टेवल गर्दछु ।

धन्यवाद!